# गैडहवा गाउँपालिका

Gaidahawa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

विष्णुपुरा, रुपन्देही
Bishnupura, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र सङ्ख्या/Letter No. २०८३/०८४
चलानी नं./Ref

**विषयः विषयविज्ञ (रोस्टर) सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना।**
**(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२०)**

गैडहवा गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा प्रधानाध्यापक, अस्थायी तथा करार शिक्षक, प्रशिक्षक, कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने परीक्षा, प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तरपुस्तिका परीक्षण र विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोग लगायतका कार्यहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन शिक्षा नियमावली, २०५९ (दशौं संशोधनसहित) को नियम ९६क को उपनियम (६) मा भएको कानुनी व्यवस्था समेतका आधारमा विषयविज्ञहरूको सूची (Roster) तयार गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योग्यता र अनुभव पूरा गरेका इच्छुक रूपन्देही जिल्लाभित्रका सामुदायिक विद्यालयका शिक्षकहरूबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र गैडहवा गाउँपालिका, शिक्षा शाखामा भौतिक रूपमा उपस्थित भई तोकिएको ढाँचाको निवेदन र आवश्यक कागजातहरू पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

**क) विज्ञका रूपमा सूचीकृत हुन आवश्यक न्यूनतम योग्यता र सर्तहरूः**

१. आधारभूत तह (कक्षा १–५): शिक्षाशास्त्रमा कम्तीमा स्नातक तह वा सोसरह उत्तीर्ण गरी सम्बन्धित तहमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको।

२. आधारभूत तह (कक्षा ६–८): शिक्षाशास्त्र अन्तर्गत सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सोसरह उत्तीर्ण गरी सम्बन्धित तहमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको।

३. माध्यमिक तह (कक्षा ९–१२): सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह वा सोसरह उत्तीर्ण गरी सम्बन्धित तहमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको।

**ख) निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू (प्रमाणित प्रतिलिपि):**

१. नेपाली नागरिकताको प्रमाणपत्र
२. न्यूनतम शैक्षिक योग्यता र उच्चतम शैक्षिक उपाधिका प्रमाणपत्रहरू
३. अध्यापन अनुमतिपत्र
४. स्थायी नियुक्तिपत्र तथा कार्यअनुभव खुल्ने प्रमाण
५. व्यक्तिगत विवरण (बायोडाटा)
६. विषयविज्ञ (रोस्टर) सूचीमा सूचीकृत हुने निवेदन फाराम
७. गैडहवा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयभन्दा बाहिरका शिक्षक/प्राध्यापकहरूले कार्यरत विद्यालयको सहमतिपत्र

रचना गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत
**नि. प्रमुख प्रशासकीय अधिकृत**